झुलाघाट–चिवाभञ्ज्याङ:
समृद्धिका लागि सङ्कल्प यात्रा २०८०

# संक्षिप्त जानकारी

८ पुस २०८०

१. मङ्सिर १४ गते बिहान ८.३० बजे झुलाघाटमा नेपालको राष्ट्रिय झण्डा उत्तोलनसँगै आरम्भ भएको **'झुलाघाट–चिवाभञ्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा'** पुस १ गते दिउँसो १२. १५ बजे चिवाभञ्ज्याङमा झण्डोत्तोलनसँगै समापन भएको छ। यो अभियान ऐतिहासिक, अभूतपूर्व र अत्यन्त उपलब्धिपूर्ण रह्यो। यस अभियानमा हामीले ३० जिल्ला हुँदै २ हजार किलोमिटरभन्दा लामो यात्रा तय गर्‍यौं। जनसभा, कोणसभा, साना भेला र जमघट, सर्वदलीय/सर्वपक्षीय बैठकहरु, सांस्कृतिक कार्यक्रम र अन्तरक्रियाहरुका माध्यमबाट लाखौं नागरिकहरुसँग प्रत्यक्ष भेटघाट र संवाद गर्‍यौं। नेपालको पहाडी भूभागको बदलिँदो तस्बिर र यस भूभागका समस्या, समृद्धिका अवसर तथा चुनौतीहरुलाई प्रत्यक्ष रुपमा देख्यौं र अनुभूत गर्‍यौं। हामी १ करोड २० लाखभन्दा बढी जनता बसोवास गर्ने त्यस भेगको सामाजिक–आर्थिक रुपान्तरण र समृद्धिको नयाँ सङ्कल्प बोकेर फर्केका छौं। हामी यिनै प्रत्यक्ष अनुभव, अनुभूति र सङ्कल्पका बारेमा तपाईंहरुसँग छलफल गर्न चाहन्छौं।

२. यस सङ्कल्प यात्राको उद्देश्य देहाय बमोजिम तय गरिएको थियो:

क. हिमाल, पहाड र तराई गरी तीन तह मिलेर बनेको नेपालको भौगोलिक संरचनामा पहाडको विशेष महत्व रहेको छ। पहाडी क्षेत्रले नेपालको सर्वाधिक ठूलो भूभाग समेट्छ। यहाँ जनसङ्ख्याको उल्लेख्य बसोबास रहेको छ। पहाड जैविक विविधताका दृष्टिले समृद्ध छ र जलस्रोतको विकासको सर्वाधिक सम्भावना बोकेको छ। पहाड फलफूल, तरकारी र जडिबुटीजन्य कृषिको भण्डार नै हो। सामाजिक–सांस्कृतिक विविधता र जातीय सद्भाव यस भूभागको विशेषता हो। राजनीतिक परिवर्तन र सामाजिक जागरणका क्षेत्रमा यस भेगले ऐतिहासिक भूमिका खेल्दै आएको छ। यद्यपि, जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरु, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्य जन्तुहरुका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु सङ्कट पहाडको विकासका मुख्य चुनौती रहँदै आएका छन्।



यिनै चुनौती र सम्भावनाहरुलाई ध्यानमा राखेर हाम्रो पार्टीले पहाडी क्षेत्रको विकासका लागि रणनीतिक महत्वका पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र खानेपानी संरचना एवं विद्युतीकरणलगायत महत्वपूर्ण योजना अगाडि बढाउँदै आएको छ। पुष्पलाल मध्यपहाडी लोकमार्ग र यसमा निर्माणाधीन सहरहरु यसका दृष्टान्तहरु हुन्। आज पहाड पूर्वाधार, विद्युतीकरण, खानेपानी र स्वास्थ्य तथा शिक्षामा पहुँचका दृष्टिले उल्लेख्य ढङ्गले रुपान्तरित हुँदै आएको छ।

तर पनि तीव्र बसाइँसराइँ आज पहाडको मुख्य समस्या बन्न थालेको छ। एकातिर विकासका योजनाहरु पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसङ्ख्याको ठूलो हिस्सा तराई, सहर हुँदै विदेशिँदै जाने चुनौती आजको हाम्रो अर्थ–राजनीतिको सर्वाधिक जटिल प्रश्न हो।

— समस्या कहाँ छन्?

—— किन पूर्वाधार र उत्पादनको विषय जोडिन सकेको छैन?

—— हाम्रो विकास र पूर्वाधार निर्माणको ढाँचामा नै पो कुनै समस्या छन् कि?

—— छन् भने समाधान कसरी गर्न सकिन्छ?

—— र, पहाडलाई विकास र समृद्धिको नमूना कसरी बनाउन सकिन्छ?

यस अभियानमार्फत् हामी जवाफ खोज्ने कोशिस गर्नेछौं।

ख. बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता हाम्रो समाजको पहिचान हो। यो हाम्रो राष्ट्रिय सामथ्र्य पनि हो। विविधताभित्रको एकता नेपाल राष्ट्रको बलियो आधारशीला हो। अहिले विभिन्न नाममा यस एकतालाई खल्बलाउने, सामाजिक सद्भावलाई कमजोर पार्ने र जनताका बीचमा फाटो ल्याउने प्रयास हुन थालेका छन्। यस्ता अतिवादी र सङ्कीर्ण सोचहरु गलत, हानिकारक र अस्वीकार्य छन्। यस अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्नेछ।

ग. लोकतन्त्र स्थापनापछिका हाम्रा योजनाबद्ध प्रयासका कारण मुलुकमा विभिन्न क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल भएका छन्। पूर्वाधार निर्माण, सामाजिक न्याय र रुपान्तरणकारी योजनाका दृष्टिले नेपालले महत्वपूर्ण प्रगति गरेको छ। यस प्रगतिमा 'आफ्नो गाउँ आफै बनाऊँ' जस्ता विकासका नयाँ र जनमुखी अवधारणा, 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा र छोटो समयमै नेपाललाई मध्यम आय भएको मुलुकमा स्तरोन्नत गर्दै यस शताब्दीको अन्त्यसम्म समुन्नत नेपाल निर्माण गर्ने नेकपा (एमाले)का दीर्घकालीन सोँचको निर्णायक भूमिका छ भन्ने कुरामा हामी गर्व गर्छौं।

तर यतिबेला समाजमा निराशा फैलाउने, नकारात्मक मनोविज्ञान निर्माण गर्ने र नेपाल समृद्ध बन्दैन, बन्नै सक्दैन भन्ने सङ्कथन निर्माण गर्ने प्रयास निकै व्यापकरुपमा भइरहेको छ। केही पात्रहरु यस निराशालाई लोकतान्त्रिक गणतन्त्रकै विरुद्धमा प्रयोग गर्ने प्रयास गरिरहेका छन् भने केही चाहिँ यसलाई 'पुराना पार्टीहरुको असफलता' भन्ने भाष्य निर्माण गर्दै आफूसँग सबै समस्याको समाधान रहेको भ्रम छर्न खोजिरहेका छन्। लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान र हाम्रा यावत् उपलब्धीलाई अवमूल्यन गर्दै समाजमा निर्माण गर्न खोजिएको नकारात्मक मनोविज्ञान र नैराश्यको अवस्थालाई अन्त्य गरेर मुलुक बन्छ, बन्दैछ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्नु, प्राप्त उपलब्धीहरुको रक्षा एवं सम्बद्र्धन गर्नु तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्नु अभियानको उद्देश्य हुनेछ।



घ. यो वर्ष नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं वर्ष हो। ७५ वर्ष अगाडि पुष्पलालको नेतृत्वमा अग्रजहरुले निर्माण गर्नुभएको यस पार्टीको हीरक वर्ष जस्तो महत्वपूर्ण 'माइलस्टोन' पुष्पलालकै नाममा निर्माणाधीन लोकमार्गमा केन्द्रित गरेर अगाडि बढाउनु आफैमा महत्वपूर्ण छ। नेपाल कम्युनिष्ट पार्टीले गएको ७५ वर्षमा गरेको बलिदानी सङ्घर्ष, खेलेको गौरवशाली भूमिका र यसका नीतिहरुका बारेमा जनस्तरमा स्पष्ट पार्ने तथा राष्ट्रका सामू उत्पन्न

बहुआयामिक चुनौतीलाई सामना गर्न बलियो राष्ट्रिय शक्तिको निर्माण गर्न सहयोग पुऱ्याउनु अभियानको उद्देश्य हुनेछ ।

ङ. हाम्रो पार्टी जनआधारित–कार्यकर्ता पार्टी हो । जनता नै हाम्रा मार्गदर्शक हुन् । जनसमर्थन नै हाम्रो सामथ्र्य हो । जनसेवा नै हाम्रो धर्म, हाम्रो सङ्कल्प र उद्देश्य हो । अभियानमा हुने जनसंवादमार्फत् हामी जनताका अनुभूति सुन्नेछौं, सुझावहरु ग्रहण गर्नेछौं र जनताकै साथमा अगाडिका योजनाहरु बारेमा परामर्श गर्नेछौं । यो अभियान जनतालाई सुन्ने र जनताबाट सिक्ने महत्वपूर्ण अभियान पनि हुनेछ ।

च. '**सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय**'को मर्म एवं भावनाअनुरुप यात्रा सञ्चालन हुनेछ ।

३. यस क्रममा हामीले देहायका कार्यक्रम आयोजना गऱ्यौं–

— ४२ वटा जनसभाहरु (गोठालापानी, अमरगढी, सिलगढी, साँफेबगर, मङ्गलसेन, राकम–कर्णाली, दैलेख बजार, सुर्खेत, सल्लीबजार, सिम्ता, छेडागाड, रिम्ना, रुकुमकोट, लुकुम, बुर्तिबाङ, वामीटक्सार, गलकोट, बाग्लुङ, कुश्मा, हेम्जा, अमरसिंह चोक, तालचोक, सुन्दरबजार, पालुङटार, आरुघाट, बट्टार, छहरे, बाहुनेपाटी, कुन्ताबेसी, खाडिचौर, चरिकोट, मन्थली, खुर्कोट, हर्कपुर, दिक्तेल, पङ्खु, अन्नपूर्ण, भोजपुर, बसन्तपुर, सक्रान्तिबजार, फिदिम, च्याङ्थापु लगायत)।

— १०० भन्दा बढी सङ्क्षिप्तसभा, जनभेला र भेटघाटहरु ।

— सर्वपक्षीय उपस्थितिमा जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितहरुलाई अस्थायी आवास निर्माण गर्न खटिएका स्वयंसेवकहरुलाई धन्यवाद ज्ञापन र उनीहरुले गरेका कामहरुको अवलोकन।

— सर्वदलीय/सर्वपक्षीय बैठक, छलफल र अन्तरक्रियाहरु (दैलेख, गोरखा, नुवाकोट लगायत) ।

— उद्योगी– व्यवसायीहरुसँग छलफल र अन्तरक्रिया (सुर्खेत, नुवाकोट, काभ्रे, पाँचथर लगायत)।

— विकास आयोजनाहरुको निरीक्षण, अवलोकन र ब्रिफिङ (पेट्रोलियम उत्खनन स्थल (जलजले दैलेख), भेरी–बबई डाइभर्सन (सुर्खेत), सुनकोशी–मरिन डाइभर्सन (रामेछाप–सिन्धुली लगायत)।

— मध्यपहाडी क्षेत्रमा कृषि विकासका संभावना र समस्याका बारेका विज्ञ, विद्यार्थी र किसानहरुसँग छलफल (पाख्रिबास, धनकुटा) ।

— बयलपाटा अस्पतालमा सामुदायिक स्वास्थ्य सेवा प्रभावकारी बनाउने विषयमा छलफल ।

- राष्ट्र निर्माता, देशभक्त योद्धा, शहीद र क्रान्तियोद्धाहरुमा सम्मान (शहीद दशरथ चन्द, अमरसिंह थापा, पृथ्वीनारायण शाह, रामप्रसाद राई र नारदमुनि थुलुङ, यदु गौतम आदि)।
- पालिकाहरुका प्रशासकीय भवन उद्घाटन (गुराँसे गाउँपालिका–दैलेख, मुसिकोट नगरपालिका–गुल्मी, र याङवरक गाउँपालिका–पाँचथर)।
- खानेपानी आयोजना उद्घाटन (पङ्खु– लप्से मुहान खानेपानी आयोजना, खोटाङ)। स्वच्छ पानी उत्पादन गर्ने उद्योगको अवलोकन (सिन्धुपाल्चोक)।
- हीरक महोत्सव पार्क शिलान्यास, पन्ध्रकोस, धादिङ।
- परम्परागत पेशा र सिपको अवलोकन (टक्सार, भोजपुर)।
- अन्तराष्ट्रिय मानव अधिकार दिवस (धुलिखेल)।
- पुस्तक विमोचन।
- राउटे, माझी आदि समुदायसँग भेटघाट र उनीहरुका गुनासो सुनुवाइ (दैलेख, सिन्धुली)।
- ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थलहरुको अवलोकन (अमरगढी किल्ला डडेल्धुरा, कोतगढी दैलेख, गोरखा दरबार, नुवाकोट दरबार, त्रिपुरासुन्दरी मन्दिर, निङ्लाशैनी मन्दिर, उग्रतारा डडेल्धुरा, शैलेश्वरी मन्दिर, वैजनाथ मन्दिर, शीरस्थान, नाभीस्थान, काँक्रे बिहार, बाग्लुङ कालिका, नुवाकोट भैरवी मन्दिर, सिद्धकाली (भोजपुर), चोलुङ पार्क तेह्रथुम लगायत)।
- राष्ट्रिय झण्डाको झण्डोत्तोलन (एक दर्जन भन्दा बढी स्थानमा)।
- विभिन्न पार्टीहरुबाट नेकपा (एमाले) मा समावेश हुनेहरुलाई स्वागत।



## अनुभव र अनुभूतिहरु

### *राजनीतिक र सामाजिक दृष्टिले*

४. यस सङ्कल्प यात्रामा प्रकट भएको जनसमर्थन, जनसहभागिता, जनताको माया तथा सद्भाव अविस्मरणीय रहेको छ। रातिको चिसो, सिरेटो र झरी बादल केही नभनी यात्रा टोलीको स्वागतका लागि सडक छेउँमा पङ्क्तिबद्ध जेष्ठ नागरिकहरु, महिला तथा बालबालिकाहरुका अनुहारमा अभिव्यक्त पार्टी र पार्टी नेतृत्वप्रतिको माया, विश्वास र भरोसा गौरव गर्न लायक रहेको छ। सडकको दुरावस्था र अन्य विभिन्न कारणले तोकिएको समयभन्दा घण्टौं ढिलो हामी कार्यक्रमस्थल पुग्दा समेत जनताले देखाउनु भएको धैर्य, सद्भाव र उत्साहका लागि हामी आभारी छौं। अक्सिजन सिलिण्डर बोकेर, ह्विलचेयरको सहारा लिएर र लट्ठीको भरमा समेत एमाले नेतृत्वलाई भेट्न र एमालेको कुरा सुन्न आउनु भएका नागरिकहरुबाट प्राप्त मायाले हामीलाई अत्यन्त भावुक र उर्जायुक्त बनाएको छ, काँधमा जिम्मेवारीबोध थपिदिएको छ। राष्ट्रिय हितको रक्षा र स्वाभिमानको सम्बद्र्धन गर्न, लोकतन्त्रको रक्षा र विकास गर्न, सामाजिक सद्भाव र राष्ट्रिय एकता दर्बिलो बनाउन तथा विकास निर्माण, समृद्धि र सुशासन कायम गर्न बलियो राष्ट्रिय शक्ति निर्माण गर्नु अपरिहार्य छ। नेकपा (एमाले)

को नेतृत्व र बहुमतका बलमा मात्रै यसो गर्न संभव छ भन्ने तथ्यको पुनर्पुष्टि भएको छ । निर्वाचनको बेला पार्टीगत जनसहभागिता र सक्रियता त स्वाभाविकै हो, तर यस्तो 'अफसिजन' मा समेत सबै तह र समुदायको यस स्तरको सहभागिता र चाडपर्व जस्तो दृश्य देखा पर्नु अभियानको अभूतपूर्व पक्षका रुपमा रह्यो । यस सङ्कल्प यात्रामा प्रकट भएको अभूतपूर्व माया, सद्भाव र समर्थनप्रति हामी आम जनसमुदायप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

५. यो अभियान नेकपा (एमाले) को आयोजनामा सञ्चालन भएको भए पनि यथार्थमा राष्ट्रिय अभियान जस्तो बन्न पुग्यो । यात्रा टोलीलाई नेपाली काङ्ग्रेस, नेकपा (माओवादी– केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत विभिन्न पार्टीका केन्द्रीय पदाधिकारी, सांसद, पूर्व मन्त्री र पूर्व सांसदहरु, स्थानीय तहका प्रमुख, उपप्रमुख र स्थानीय नेताहरुले स्वागत गर्नुभयो, शुभकामना दिनुभयो र आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित माग, ज्ञापनपत्र र ध्यानाकर्षण हस्तान्तरण गर्नुभयो । नेकपा (एमाले) प्रति व्यक्त गर्नुभएको उच्च राजनीतिक संस्कार, सद्भाव र भरोसाका लागि हामी उहाँहरुप्रति धन्यवाद र आभार व्यक्त गर्दछौं। उहाँहरुको अपेक्षा अनुरुप प्रस्तुत गरिएका माग र ध्यानाकर्षणको समाधानका लागि हरसंभव पहल गर्ने विश्वास दिलाउन चाहन्छौं ।

६. यस अभियानमा भएको विशाल जनसहभागिताले धेरै भ्रम र अन्यौलहरुलाई चिर्ने काम गरेको छ । केही समय यता केही पूर्व राजावादी, पश्चगामी र अतिवादीहरुलाई केन्द्र बनाएर निर्माण गरिएका जनविरोधी चर्चा र प्रयास, 'पार्टीहरुको लोकप्रियता खस्किएको छ', 'नेतृत्वको प्रतिष्ठामा ह्रास आएको छ' र 'मान्छेहरु लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधानकै विकल्प खोजिरहेका छन्' भनेर निर्माण गर्न खोजिएको गलत भाष्य खण्डित भएको छ । आपसी प्रतिस्पर्धा र कतिपय सन्दर्भमा रहेको कटुताका बाबजुद लोकतान्त्रिक गणतन्त्र पक्षधर कुनैपनि दलमाथि अनाहकमा आक्रमण गर्नु भनेको परिणामत: संविधान र प्रणालीमाथिकै आक्रमण हो । तसर्थ, नेकपा (एमाले) प्रति व्यक्त यो सद्भाव र समर्थन वस्तुत: लोकतान्त्रिक गणतन्त्र र संविधानप्रतिकै स्दभाव र समर्थन हो । नेकपा (एमाले) को सङ्कल्प यात्राले लोकतान्त्रिक गणतन्त्रप्रतिको जनसमर्थनलाई थप सुदृढ र मजबुत बनाएको छ ।

७. यस अभियानले सिङ्गो पार्टी पङ्क्तिलाई अभूतपूर्व रुपमा चलायमान, गतिशील र एउटै लयमा परिचालित गरेको छ । नेतृत्व पङ्क्तिलाई आत्मीय रुपमा अझ एकताबद्ध बनाएको छ । नेतृत्व र कार्यकर्ता बिचको तथा पार्टी र जनता बिचको भावनात्मक सम्बन्धलाई सुदृढ बनाएको छ । पार्टीको सिङ्गो नेतृत्वलाई आफूमाझ पाउँदा, उहाँहरुसँग आफ्ना भनाइहरु राख्न पाउँदा र उहाँहरुसँग केही समय सँगै बिताउन पाउँदा कार्यकर्ता पङ्क्ति थप उत्साहित भएको छ ।

८. अभियानमा हामीले जनसहभागिता र जनताकै साथ–सहयोगमा खानपिन र आवासको व्यवस्थापन गर्‍यौं । एकाध स्थान बाहेक अधिकांश ठाउँमा हामीले स्थानीय जनताले सामूहिक रुपमा व्यवस्थापन गरेको मेसमा खाना खायौं । जनताकै घरमा आवास र आश्रय लियौं । कतिपय ठाउँमा सामूहिक रुपमा रातिको विश्राम लियौं । स्थानीय परम्परा, संस्कृति र भेषभुषालाई सम्मान गर्दै त्यसलाई ग्रहण गर्‍यौं । यसले जनतासँगको हाम्रो सम्बन्धलाई थप घनिष्ट बनाउन सहयोग पुगेको छ । हामीलाई विगतका असल परम्पराको स्मृति दिलाएको छ र जनतासँग घुलमिल हुन एवं दु:खसुखमा सहभागी हुन अभिप्रेरित गरेको छ । यस्तो व्यवस्थापनले हामीलाई अझ बढी जनमुखी हुन उत्प्रेरणा दिएको छ । खर्च व्यवस्थापनका दृष्टिले पनि यो विधि निकै मितव्ययी रहेको छ । उदाहरणका लागि धादिङको

सल्यानटारमा खानामा भएको खर्च रु. ३,९८,३३२ मध्ये रु. १,८४, ६७० बराबरको खाद्यान्न, तरकारी र फलफूल जनसहभागिताबाटै जुटाइएको थियो।

९. यस अभियानमा मध्यपहाडी क्षेत्रमा रहेका विविध जातजाति, भाषाभाषी, संस्कृति र धर्मावलम्बीहरुबिचको एकता असाध्यै प्रभावकारी ढङ्गले प्रकट भयो। बैतडीदेखि पाँचथरसम्म पुग्दा हामीले नेपाली समाजको सांस्कृतिक मौलिकता, विविधता र अद्भूत वैभव अनुभव गऱ्यौं। स्वत:स्फूर्त ढङ्गले पोखिएको यस सांस्कृतिक विविधताभित्र नेपालको पहिचान छ, नेपालको सामथ्र्य अन्तरनिहित छ र नेपालको भविष्य आधारित रहेको छ। यस विविधतालाई संरक्षण, सम्बद्र्धन र प्रबद्र्धन गर्नु हामीले आफ्नो दायित्व ठानेका छौं।

१०. यस अभियानले केही सीमित तत्वहरुद्वारा सङ्कीर्ण स्वार्थका लागि चर्काउन खोजिएको जातीय तथा साम्प्रदायिक अतिवाद, अराजकता र हिंसालाई निस्फल तुल्याइदिएको छ। हाम्रो सङ्कल्प यात्रा लक्षित बन्द र हडतालका घोषणा, सडक अवरोध र हिंसाका प्रयासहरु विफल भएका छन्। लाखौंको सङ्ख्यामा सडकमा उत्रिएर नेपाली जनताले आफूहरु बिचको सामाजिक सद्भाव कसैले चुँडाउन नसक्ने सन्देश दिएका छन्, त्यसको जगमा निर्मित बलियो राष्ट्रिय एकताको पक्षमा आफूलाई उभ्याएका छन्। जनताको यस समर्थनलाई हामीले सिङ्गै राष्ट्रको पुँजीको रुपमा ग्रहण गरेका छौं। यस यात्राका क्रममा अवरोधका अवाञ्छित प्रयासहरुलाई निष्प्रभावी बनाउने कुरामा प्रहरी प्रशासनको भूमिका अत्यन्त सकारात्मक रह्यो। राज्यले सुरक्षा निकायलाई आफ्नो योजनामा परिचालन हुन दिने हो भने अवाञ्छित गतिविधि सहजै नियन्त्रण गर्न सकिन्छ भन्ने स्पष्ट भएको छ।



***विकास र समृद्धिका दृष्टिले***

११. पूर्वाधारका दृष्टिले मध्यपहाडका गाउँ र बस्तीहरुमा यस बिचमा ठूलो परिवर्तन आएको हामीले प्रत्यक्ष रुपमा देख्यौं, अनुभूत गऱ्यौं। प्राय: सबै पालिका र वडाहरुमा कच्ची नै भए पनि सडकको पहुँच पुगेको छ। हिँजो पाँच, छ दिनसम्म लगाएर मात्रै पुगिने गाउँवस्तीहरु आज सडक पूर्वाधारका कारणले केही घण्टाकै पहुँचभित्र आएका छन्। आम रुपमा सबै ठाउँमा खानेपानी, बिजुली र टेलिफोन सुविधा पुगेको छ। शिक्षा र स्वास्थ्यका पूर्वाधार पनि हिजोका तुलनामा धेरै राम्रो भएका छन्। सडक, विजुली र फोनको पहुँचले आम जनताको चेतनास्तर पनि आश्चर्यजनक रुपमा बृद्धि गरेको छ। एउटा सामान्य उदाहरण– लुकुम गाँउमा ऊनीको धागो कात्दै स्वागतमा उभिनु भएको एकजना प्रौढ महिलाको फोटो खिचियो। उहाँले खै खै देखाऊ भन्नु भयो, फोटोको एङ्गल नराम्रो लागेकोले फेरि खिच्न भन्नु भयो। उहाँलाई चित्त बुझ्ने गरी खिचेको फोटो त्यहींको स्थानीय नेता मार्फत् पठाइदिन्छौं है भन्दा– फेसबुकमा हाल्नू नि, हामी त्यहीँबाट तानिहाल्छौं भन्नुभयो।

१२. मध्यपहाड कृषि, फलफूल र पशुपालनका दृष्टिले असाध्यै उर्बर र संभावनायुक्त क्षेत्रका रुपमा रहेको छ। सुन्तला लगायत अमिलो प्रजातिका फलफूलहरु, एभोकार्डो, किवी र ड्रयागन फ्रुट जस्ता नयाँ फलफूलहरुको यस भेगमा प्रचुर संभावना छ। यस क्षेत्रलाई दुध व्यवसायको भण्डार बनाउन सकिन्छ। उच्च पहाडी भेकमा बेमौसमी तरकारी खेतीको राम्रो सम्भावना छ। बाख्रा, कुखुरा र बङ्गुर पालन एवं ट्राउट जस्ता महङ्गो मूल्यका माछाहरुको खेतीको राम्रो संभावना छ। कतिपय उत्साही उद्यमीहरुले

यिनमा राम्रो लगानी गरेको र सफल व्यवसाय गरेको हामीले पायौं । हाम्रो सिङ्गो यात्रा एक किसिमले भन्ने हो 'सयपत्री र सुन्तला महोत्सव' जस्तै हुन पुग्यो ।

१३. जलस्रोतको त यो क्षेत्र भण्डार नै हो, जहाँ पञ्चेश्वर, पश्चिमसेती, माथिल्लोकर्णाली, कालीगण्डकी, मध्यमस्र्याङ्दी, बुढीगण्डकी, सुनकोशी, दुधकोशी, अरुण, तमोर र काबेली जस्ता परियोजनाहरु सञ्चालनमा छन् या सञ्चालनको पर्खाइमा छन् । यी योजनाहरुको सही कार्यान्वयन र परियोजनाको लाभ स्थानीय समुदायले पनि न्यायोचित रुपमा पाउने सुनिश्चित ढाँचा निर्धारण गर्न सके यस क्षेत्रको कायापलट गर्न सकिने निष्कर्ष हामीले निकालेका छौं ।

१४. सुरम्य हावापानी, सुन्दर दृष्यावलोकन, परम्परागत खाना र सांस्कृतिक विविधताका दृष्टिले धनी यो भूभाग पर्यटनका लागि असाध्यै उर्बर रहेको छ । पछिल्लो समय नयाँ पर्यटकीय स्थलहरु खुल्दै र ती स्थानहरुमा पूर्वाधार निर्माण हुँदै गरेको, आन्तरिक र वाह्य पर्यटकहरुको आगमन बढ्दै गएको हामीले देख्यौं । पर्यटन मध्य पहाडी क्षेत्रको विकासको महत्वपूर्ण आधार बन्न सक्छ भन्ने हाम्रो विश्लेषणलाई यस यात्राले पुनपुष्टि गरेको छ । यात्राको स्वागतमा देखिएका स्थानीय बाजागाजा, लोकसंस्कृति र गीतसङ्गीत एवं रैथाने उत्पादन र खानाको प्रस्तुतिले यात्रा आफैमा मेला महोत्सव जस्तो बन्न पुग्यो ।

१५. मध्यपहाडी क्षेत्र खानी र खनिजजन्य पदार्थका दृष्टिले पनि एकदमै संभावनायुक्त क्षेत्र रहेको पुनर्पुष्टि यस यात्राका क्रममा भएको छ । दैलेखमा अन्वेषण र उत्खनन हुँदै गरेको पेट्रोलियम र ग्यास, बैतडी जिल्लाको फस्फोराइट तथा म्याग्नेसाइट, जाजरकोट लगायतका जिल्लामा पाइने मूल्यवान पत्थर, दोलखाको म्याग्नेसाइट र विभिन्न स्थानहरुमा पाइने चुनढुङ्गा यसका दृष्टान्त हुन् । यी खानी र खनिज पदार्थमा नेपालको राष्ट्रिय स्वामित्व सुनिश्चित हुने र वातावरणको समेत संरक्षण हुने गरी अन्वेषण, उत्खनन र प्रशोधन गर्न सकेमा पहाडको समृद्धिका लागि महत्वपूर्ण आधार बन्न सक्ने पनि हामीले अनुभूत गरेका छौं ।



***विकास र समृद्धिका समस्याहरु***

१६. तर पहाडी गाउँवस्तीहरुमा बसाइँसराइँ ठूलो चुनौतीको रुपमा देखा परेको छ । हामीले यात्रा गरेका ३० जिल्लामध्ये अधिकांशको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ । कतिपय गाउँवस्तीहरु रित्तिँदै गएका छन् । विद्यार्थीको अभावमा कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेका छन् । खेतीयोग्य जमिन बाँझो बन्दैछन् । गाउँमा श्रमका लागि युवाहरुको अभाव छ । कतिपय ठाउँमा त बृद्धबृद्धाहरुको हेरचाह गर्ने या मलामी जाने युवाहरुको समेत अभाव देखिन्छ । बसाइँसराइँका पछाडि केही वाध्यात्मक कारणहरु छन् । तर पछिल्लो समय 'नेपालमा अवसर नै छैन', 'नेपाल बन्दै बन्दैन', 'विदेशमा अवसर नै अवसर छ' र 'जसरी पनि त्यहाँ पुग्न पाइयो भने जिन्दगी सप्रिहाल्छ' भन्ने भ्रामक प्रचार, प्रायोजित भाष्य, त्रुटिपूर्ण शैक्षिक प्रणाली र मनोविज्ञानले पनि युवाहरुको वाह्य आप्रवासनलाई बढावा दिइरहेको छ । यसको समाधानका लागि तत्काल पहल अनिवार्य भएको छ ।

युवाहरुको विदेश प्रवासनले जटिल पारिवारिक समस्याहरु निम्तिन थालेको हामीले देख्यौँ । बृद्धबृद्धाहरुको हेरचाह, नानीहरुको स्याहारसुसार, हुर्काइ र पढाइ तथा महिलाहरुको जीवनमा कतिपय जटिलता थपिएको र मनोवैज्ञानिक समस्या उत्पन्न भएको पायौं । कम्तीमा प्रत्येक वडामा जेष्ठ

नागरिकहरुका लागि दिवा मिलन केन्द्र, समय–समयमा स्वास्थ्य जाँच, नानीहरुका लागि हुर्काइ र पढाइका लागि विशेष व्यवस्था र श्रीमान विदेशिएका कारण एक्लो जीवन बिताइरहेका महिलाहरुका लागि आवश्यक मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सुरक्षाका लागि स्थानीय तह, प्रशासन र राजनीतिक दलहरुले समेत विशेष ध्यान दिनु पर्ने देखियो।

१७. भएका उत्पादनले बजार, उचित मूल्य र संरक्षण नपाउनु पनि बसाइँसराइँको कारण बन्न पुगेको छ। एकातिर सस्तो मूल्यमा भित्रिने भारतीय र अन्य मुलुकका उत्पादनसँग प्रतिष्पर्धा गर्नु पर्ने बाध्यता, अर्कातिर बिचौलियाको दोहनका कारण किसानहरु आफ्नो उत्पादनको उचित मूल्य पाउनबाट बञ्चित छन्। कतिपय उत्पादनको लागत पनि नउठ्ने अवस्था देखियो। तसर्थ, कृषिमा समग्र प्रणाली लागू गर्नु आवश्यक छ। व्यावसायिक खेती गर्न चाहनेलाई भूमिको व्यवस्था, पूँजी र प्रविधिको प्रबन्ध, बाली बिमा, उत्पादनको समर्थन मूल्य र बजारको व्यवस्था तथा राज्यद्वारा बिक्रिको सुनिश्चितता सङ्क्षेपमा व्यावसायिक कृषिको लागि आवश्यक समग्र प्रणाली हो। उत्पादक र उपभोक्ता बिच सिधा सम्बन्ध हुने खालको वितरण प्रणालीको व्यवस्था गर्ने, बिचौलियाहरुको बिगबिगी नियन्त्रण गर्ने, स्वदेशी उत्पादनलाई प्रोत्साहन हुने गरी आयातित खाद्य र पेय वस्तुहरुलाई निरुत्साहित गर्ने, ठूलो मात्राको उत्पादनलाई प्रोत्साहन गर्ने, भूमि ब्याङ्क लगायतका माध्यमबाट बाँझो जमिनको सदुपयोग गर्ने तथा मल, बिउ र सिचाइमा किसानहरुलाई प्रोत्साहन गर्ने काम गर्नु अनिवार्य देखियो। ब्याङ्क तथा वित्तीय संस्थाहरुबाट किसान तथा उद्यमीहरुलाई सहुलियतपूर्ण ऋण तथा अन्य सुविधा सुनिश्चित हुनु आवश्यक देखियो।

१८. मध्यपहाडका विभिन्न भूभागमा भूमिहीनहरुको उल्लेख्य सङ्ख्या देखियो। दशकौंदेखि पर्ती जमिन आवाद गरेर बसेका तर जग्गा नापी नभएको र जग्गाधनी प्रमाणपूर्जा नपाएका कारण भूमि अधिकारबाट बञ्चित भएका हजारौं परिवार भेटिए। सिन्धुपाल्चोक लगायत जिल्लामा गुठी जग्गाका कारण पुस्तौंदेखि जग्गा कमाएर पनि भूस्वामित्वबाट बञ्चित भएका सयौं परिवारहरुका समस्या हामीले सुन्यौं। यस्तै समस्या समाधानका लागि नेकपा (एमाले) को सरकारले बनाएको भूमि समस्या समाधान आयोग विघटन गरिँदा समस्या झनै बल्झिएको हामीले पायौं। किसानहरुको हितमा हुने गरी अविलम्ब भूमि समस्या समाधान गर्नु आवश्यक छ।

१९. पछिल्लो समय बाँदर, बँदेल, दुम्सी, घोरल लगायत वन्यजन्तुका कारण बालीनालीमा भइरहेका नोक्सानी र पीडा पनि किसानहरुको बसाइँसराइँको महत्वपूर्ण कारक बन्न पुगेको छ। यसको दिगो समाधान अनिवार्य देखियो।

२०. जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुको स्पष्ट छाया मध्यपहाडी क्षेत्रमा अनुभूत गर्न सकिन्छ। पानीका मुहानहरु सुकिरहेका छन्। पानीको सतह घटेका कारण सिचाइ कुलोहरु सुख्खा हुन थालेका छन्। बाढी पहिरोको जोखिम वर्षेनी बढ्दै गएर बस्तीहरु रित्तिएका छन्। उत्तरतिर हेर्दा हिमालहरु तीव्र गतिमा पग्लिइरहेको देखिन्छ। वर्षाको असामान्य प्रवृत्तिका कारण परम्परागत बालीनालीलाई ठूलो प्रभाव परेको छ। जलवायु सङ्कटको मुख्य मारमा महिला, किसान र भिरालो पाखा या नदी किनारमा बस्न बाध्य विपन्न परिवारहरु परेका छन्। अनुकूलन र प्रतिरोधी क्षमता अभिवृद्धि सम्बन्धी ठोस योजना ल्याउन ढिलो भइसकेको छ।

२१. उद्यमी व्यवसायीहरु निकै निराश र हतोत्साहित अवस्थामा देखिए । ब्याङ्कको बढ्दो व्याजदर, अपारदर्शी र झण्झटपूर्ण कर नीति, कर प्रशासकहरुको निर्मम व्यवहार, सरकारको भ्रष्ट र अमैत्रीपूर्ण नीतिका कारण धेरैले व्यवसाय बन्द गरेको, चलाएकाले पनि पूर्ण क्षमतामा नचलाएको र व्यवसायमा भविष्य छ भन्ने आत्मविश्वास टुटेको देखियो। उद्यमी व्यवसायीहरुको मनोबल उँचो उठाउन आवश्यक नीतिगत र संरचनागत सुधार तत्काल हुनु पर्ने देखिएको छ । अवैधानिक आर्थिक क्रियाकलापको बोलवालाका कारणले वैधानिक रुपमा काम गरिरहेकाहरु निरुत्साहित हुने अवस्था अन्त्य गरिनु आवश्यक देखियो ।

२२. पछिल्लो समय विकास निर्माणका कामहरु ठप्प प्राय: देखिए । भेरी–बबई, सुनकोशी–मरिन, पुष्पलाल लोकमार्ग जस्ता यस्ता क्षेत्रका रुपान्तरणकारी आयोजनाहरुको प्रगति सन्तोषजनक छैन । (सुनकोशी–मरिन डाइभर्सनको सुरुङ खन्ने काम भन्ने तीव्र गतिमा भइरहेको छ, तर बजेट छैन । बजेट छैन भनी काम सुस्त गर्दा ठेकेदार कम्पनीलाई परियोजनाले क्षतिपूर्ति तिर्नुपर्छ, यसमा सरकार उदासीन देखिएको छ) । निरोगी नेपाल अभियानलाई सार्थक तुल्याउन चेतना अभिवृद्धि, बीमा, र जनता रहेकै स्थानमा विशेषज्ञता सहितको सुविधा सम्पन्न अस्पतालको अवधारणामा एकैसाथ शिलान्यास गरिएका ३९६ वटा आधारभूत अस्पतालहरु अलपत्र पारिएका छन् । रणनीतिक सडकहरुको बजेट पूर्वाग्रहपूर्ण ढङ्गले कटौती गरिएको छ । विकासका काममा चरम राजनीतिक  पक्षपात देखा परेको छ । कतिपय ठाउँमा निर्माण व्यवसायीहरुले सम्पन्न भइसकेका कामको पनि भुक्तानी पाइसकेका छैनन् भने कतिपय ठाउँमा उनीहरुको चरम लापर्बाही छ, उनीहरुका अगाडि सरकार निरीह देखिन्छ । विकास निर्माणको काममा आएको शिथिलता र आर्थिक मन्दीका कारण निर्माण सामग्रीसँग जोडिएका व्यवसाय धराशायी बन्ने अवस्थामा पुगेका छन् ।



२३. पूर्वाधार विकासका काममा समन्वय छैन । सानो सुधारबाट पनि हुनसक्ने ठूलो लाभबाट मुलुक बञ्चित भइरहेको छ । भेरी–बबइ डाइभर्सनको सुरुङ सम्पन्न भएको बर्षौं बित्यो, त्यसको मूल बाँध बनेको छैन । रकमको अभावमा यो स्थिति सुनकोशी मरिनमा पनि दोहरिन सक्छ । यस्तै नियति द्रूतमार्गले पनि ब्यहोरिरहेको हुनसक्छ ।

२४. भ्रष्टाचार, कुशासन र राजनीतिक बेथितिका विरुद्ध समाजमा सार्वजनिक असन्तुष्टि देखापरेको छ । यो असन्तुष्टि लोकतान्त्रिक प्रणाली, गणतन्त्र या संवैधानिक व्यवस्थाका विरुद्ध होइन, यसलाई सञ्चालन गर्ने पात्रहरुका विरुद्ध हो । तर पात्रहरुप्रतिको असन्तुष्टिलाई प्रणालीकै विरुद्ध प्रयोग गर्न सकिन्छ कि भनेर कतिपय तत्वहरु प्रयत्नशील छन् । सुशासन, विकास र समृद्धिको यात्रालाई तीव्र पारेर र जनताको विश्वास जितेर मात्र यस्ता प्रयासलाई निस्तेज गर्न सकिन्छ ।

**भूकम्पपीडितहरुका पीडा र स्वयंसेवकहरुको उत्कृष्ट भूमिका**

२५. गत: कार्तिक १७ गते जाजरकोट र रुकुम– पश्चिममा गएको भूकम्पबाट घरबार गुमाएका पीडितहरुका लागि अस्थायी आवास निर्माण गर्न हाम्रो पार्टीले स्वयंसेवक परिचालन गरेको तथ्य यहाँहरु सबैलाई अवगत नै छ । पार्टीको तर्फबाट खटिएका झण्डै ११ सय स्वयंसेवकहरुले दुई हप्ताभन्दा बढी समय भूकम्पग्रस्त क्षेत्रमा खटिएर १ हजार भन्दा बढी अस्थायी आवास र १ सयभन्दा बढी कक्षा कोठाहरुको निर्माण गरेका छन् । राज्यका निकायहरुले हटाउन नसकेका र जोखिमपूर्ण भग्नावशेषभित्र पुरिएका

घरधनीहरुका मूल्यवान सामग्री, लत्ताकपडा र नानीहरुले पढ्ने पुस्तकहरु भग्नावशेष हटाएर सुरक्षित निकालिदिएका छन् । कतिपय ठाउँमा स्वास्थ्य शिबिर सञ्चालन गरेर पीडितहरुको स्वास्थ्योपचारमा सहयोग पुऱ्याएका छन् । पूर्ण रुपमा आफ्नै खर्च र व्यवस्थापनमा खटेका यी स्वयंसेवकहरुको नि:स्वार्थ सेवाभावले पीडित जनताको मन जितेको छ । यसरी जनताको मन जितेका स्वयंसेवकहरु आफ्नो दायित्व पूरा गरेर विदा हुँदाको क्षण निकै भावुक रहेको थियो । रिम्ना, जाजरकोटको जनसभामा स्वयंसेवकहरुलाई सम्मान गरिएको थियो । सभामा स्वयंसेवकहरुको निस्वार्थ सेवाभावको समाजका सबै पक्ष र अन्य राजनीतिक दलका नेताहरुले समेत खुलेरै प्रशंसा गर्नुभएको थियो । यसले फेरि एकपटक नेकपा (एमाले) जनताको सुखदु:खको साथी हो भन्ने कुराको पुनर्पुष्टि गरेको छ र जनतासँगको सम्बन्धलाई प्रगाढ बनाएको छ ।

२६. तर भूकम्पपछिको पुनर्निर्माण र पुनस्र्थापनाको काम भने अत्यन्त सुस्त र निराशाजनक रहेको छ । ९ हजार भन्दा बढीको ज्यान लिएको र ८ लाख भन्दा बढी निजी घरसहित ठूलो मात्रामा सार्वजनिक सम्पत्तिको क्षति भएको २०७२ सालको विनाशकारी भूकम्पको सामना गरेको र पुनर्निर्माणमा नमूना काम गरेको भन्दै अन्तर्राष्ट्रिय समुदायबाट नेपालले प्रशंसा पाएको धेरै भएको छैन । तर यही मुलुकमा जाजरकोट र रुकुम पश्चिममा भूकम्प पीडितहरुले यति सास्ती भोग्न पर्नु बिडम्बनापूर्ण हो । अस्थायी आवास नपाएका कारण चिसोले २० जनाभन्दा बढी भूकम्पपीडितको ज्यान जानु सरकारको निकम्मापनको उदाहरण मात्र होइन, लज्जास्पद स्थिति समेत हो । हामी अविलम्ब अस्थायी आवासका लागि राहत उपलव्ध गराएर र पीडितहरुका लागि अस्थायी आवास सुनिश्चित गरेर नागरिकको जीवन रक्षा गर्न सरकारसँग जोडदार माग गर्दछौं ।



**पुष्पलाल मध्यपहाडी लोकमार्ग**

२७. पुष्पलाल मध्यपहाडी लोकमार्ग नेपालको पहाडी क्षेत्रको विकास र समृद्धिको एउटा उत्प्रेरक र सम्बाहक परियोजना हो । नेपालको अधिकांश राजमार्गहरु विदेशी सहायतामा बनेको परिप्रेक्ष्यमा नेपालको आफ्नै स्रोत, इन्जिनीयरिङ र प्रविधिमा निर्माणाधीन यो परियोजना नेपाल र नेपालीका लागि गौरवको परियोजना हो । सुरु भएको १३ वर्षमा यति प्रगति हासिल हुनु सकारात्मक विषय हो ।

२८. तर यसको इन्जिनीयरिङ, अलाइनमेन्ट र ढाँचामा थुप्रै सुधार गर्नु पर्ने हाम्रो निष्कर्ष छ । कतिपय स्थानमा पहिल्यै बनेको स्थानीय सडकमा यसलाई जोडिएको, कतिपय ठाउँमा बस्ती नै नभएका निर्जन स्थानमा बाटो खनिएको र कतिपय ठाउँमा राजनीतिक दबाब र प्रभावका कारण यसलाई अनावश्यक घुमाउरो बनाइएको छ । १८७९ किलोमिटर लामो यसको संरचना राष्ट्रिय राजमार्गका दृष्टिले उपयुक्त होइन । राजमार्ग भनेको बिना रोकावट सवारी दौड्ने मार्ग हो । पुष्पलाल लोकमार्गको 'टेक्निकल अडिट' जरुरी छ, गरिंदै छ । प्रारम्भिक अवलोकनका आधारमा भन्न सकिन्छ– केही स्थानमा पुनर्रेखाङ्कन (रिअलाइनमेन्ट) गर्ने, आवश्यक पर्ने स्थानमा सुरुङ र भायाडक्ट (अग्ला पुल)को प्रयोग गरी यसको समय र दूरी छोट्याउन सकिन्छ । जाजरकोट, लमजुङ, सिन्धुपाल्चोक, रामेछापका कतिपय ठाउँमा यसको ट्र्याक नै खोल्न बाँकी देखियो । ट्र्याक समेत नखुलेकै कारण हामीले जाजरकोटका कतिपय भूभाग टेक्न पाएनौं, सुर्खेत र सल्यान हुँदै यात्रा तय गर्नु पऱ्यो । जाजरकोटको मटेलामा एउटा बेलीब्रिज मात्रै राखिदिने हो भने तत्कालको लागि काठमाडौंदेखि सुदूरपश्चिम सम्मको मध्यपहाडी लोकमार्ग मार्फत यात्रा सम्भव छ । कास्की–लमजुङ खण्ड र सिन्धुपाल्चोक र रामेछापका कतिपय

भूभागमा यही लोकमार्ग भएर यात्रा गर्न सकिएन । त्यसका लागि कास्की, काभ्रे र दोलखाका वैकल्पिक बाटोहरु प्रयोग गर्नु पर्‍यो । कतिपय ठाउँमा ठेक्का लगाउनै बाँकी देखियो भने कति ठाउँमा ठेकेदारहरुले काम अलपत्र पारेर जनतालाई सास्ती दिएको देखियो । प्रदेशस्तरमा हेर्दा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा जत्ति पनि काम बागमती र कोशी प्रदेशका जिल्लामा हुन सकेका छैनन् । यी सबै समस्याको अविलम्ब समाधान आवश्यक छ ।

२९. मध्यपहाडी लोकमार्गमा पर्ने विभिन्न भूभागमा आधुनिक सहरहरुको विकास गरेर पहाडको बसाइँसराइँ रोक्ने उद्देश्यले सुरु गरिएको परियोजनाको प्रगति निराशाजनक छ । वर्षौंदेखि जग्गा अधिकरण गरेर त्यसलाई त्यत्तिकै थाँती राख्दा जग्गाधनीहरुमा पनि निराशा बढेको छ भने राज्यको लगानी पनि त्यत्तिकै खेरा गइरहेको छ । यस सम्बन्धमा ठोस काम अगाडि बढाउनु अत्यावश्यक देखिएको छ ।

३०. सरकारी निकाय बिच समन्वयको अभावले राजमार्ग निर्माणको काम बेस्सरी प्रभावित छ। नेपाल विद्युत प्राधिकरणले कुनै दिन जलविद्युत परियोजना बन्छ र डुबान हुन्छ भन्दै स्वीकृति नदिएका कारण मध्यपहाडी राजमार्ग मात्रै हैन विभिन्न महत्वपूर्ण राजमार्ग निर्माण कार्य अवरुद्ध छ । बुढीगण्डकी जलाशययुक्त परियोजनाको कारण देखाई गोरखा–धादिङ आरुघाट खण्डमा सडक बनाइएकै छैन । सुनकोशी परियोजनाले डुबानमा पार्छ भन्ने बहानामा रामेछापमा सडक अत्यधिक घुमाउरो र दिग्दारलाग्दो बनाइएको छ। यस्तै समस्या अछामवासीहरुले ब्यहोर्नु परेको छ, जहाँ बेतान– कर्णाली प्रस्तावित जलविद्युत परियोजनाले जङ्गलघाटमा पुल बनाउन स्वीकृति नदिएका कारण कर्णाली चिसापानीबाट १२५ किलोमिटर दूरी पार गरेर पुगिने मङ्गलसेन पुग्न झण्डै ४ सय किलोमिटर घुमाउरो बाटो तय गर्नु पर्ने वाध्यता छ । सुनकोशी–मरिन परियोजनाको छलफलका क्रममा जानकारी गराइए अनुसार त्यहाँ प्रयोग भएको टिबिएम सिन्धुली खुर्कोट– चियाबारी सुरुङ निर्माणमा प्रयोग गर्न सक्दा ६. ८ कि.मी. सुरुङले घुमाउरो बाटोको दुरी घटाउने मात्रै हैन, ४७ मिनेटको यात्रा ८ मिनेटमा पूरा गर्न सकिन्छ । कान्तिपथलाई अलिकति सुधार गर्ने हो भने प्रदेश राजधानी र काठमाडौं बिचको दूरी २ घण्टा भन्दा कम हुने मात्रै हैन, मदन भण्डारी राजमार्ग हुँदै चतरासम्मको यात्रा साह्रै छोटो हुन सक्छ ।



**हाम्रो निष्कर्ष र सङ्कल्प**

३१. हाम्रो यो अभियान एउटा यात्रा मात्रै थिएन । यो त सङ्कल्प यात्रा थियो, समृद्धिका लागि सङ्कल्प यात्रा । यस अभियानमा हामी आफैले प्रत्यक्ष देखे–भोगेका अनेकौं समस्याहरु छन् । जनस्तरबाट प्राप्त अनेकौं माग र सुझाव छन् । ती सबैका आधारमा हामी देहायको सङ्कल्प गर्दछौं–

क. नेपाली जनता लोकतान्त्रिक गणतन्त्र र समाजवादका पक्षमा छन् । सामाजिक न्याय, राष्ट्रिय एकता र सामाजिक सद्भावका पक्षमा छन् । निश्चय नै, जनताका गुनासा पनि छन्, सुझावहरु पनि छन् । कतिपय सन्दर्भमा आलोचना पनि छन्। रचनात्मक र सही गुनासा, सुझाव र आलोचनाहरुलाई ग्रहण गर्दै हामी सङ्कल्प गर्दछौं– हामी लोकतान्त्रिक गणतन्त्रका पक्षमा दृढतापूर्वक उभिने छौं । परिवर्तनलाई उल्ट्याउन, नेपाललाई मध्ययुगतिर फर्काउन र जनताको अभिमत बिनाको जन्मसिद्ध श्रेष्ठताको सामन्ती व्यवस्था पुनरुस्थापना गर्ने प्रयासलाई कुनै पनि हालतमा सफल हुन दिनेछैनौं । हामी स्पष्ट छौं– लोकतान्त्रिक गणतन्त्रको विकल्प अझ उन्नत स्तरको लोकतान्त्रिक गणतन्त्र मात्रै हुन सक्छ ।

ख. बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधता एवं त्यही विविधता भित्रको एकता नै नेपालको पहिचान हो, नेपालको सामथ्र्य हो, नेपालको भविष्य हो। हामी सङ्कल्प गर्दछौं– हामी यस एकतालाई अझ सुदृढ र मजबुत बनाउन लागि पर्नेछौं । सामाजिक विद्वेष, अतिवाद, हिंसा र अराजकताका कुनै पनि प्रयासलाई सफल हुन दिनेछैनौं। विधिसम्मत, कानुनमुताबिक र लोकतान्त्रिक ढङ्गले प्रस्तुत हुने जुनसुकै विषयमा छलफल गर्न र लोकतान्त्रिक विधिबाट समाधान खोज्न हाम्रो पार्टी सधै सकारात्मक र खुल्ला छ। तर हुलहुज्जत, अराजकता र हिंसाको बाटो अस्वीकार्य छ। हाम्रो संबैधानिक व्यवस्था भनेको खुल्ला प्रतिस्पर्धात्मक व्यवस्था मार्फत् समाजवादतिरको यात्रा हो । विचारमा बहुलता स्विकार्ने तर भिन्न मत भएका दल वा समूहको उपस्थितिलाई समेत प्रतिबन्ध लगाउँछौं भन्ने खालका 'तानाशाही' सोच र व्यवहारलाई हामी अस्वीकार गर्छौं ।

ग. जनताका प्रतिनिधिहरुका हातबाट लोकतान्त्रिक संविधान बनिसकेको र जनताका अधिकारहरु संवैधानिक दृष्टिले सुनिश्चित भइसकेको वर्तमान अवस्थामा सुशासन, समृद्धि र विकास नै मुलुकका सर्वोपरि प्राथमिकताका कार्यसूची हुन्। समृद्धि र विकासको जगमा मात्रै लोकतन्त्र अप्रतिरोध्य बन्न सक्छ। यसको बलमा मात्रै राष्ट्रियता सुदृढ हुन सक्छ। तर पछिल्लो समय गठबन्धन सरकारका भ्रष्ट र दोहनकारी क्रियाकलापका कारण जनतामा निराशा बढ्दो छ। राष्ट्रिय हित जोखिममा पर्न थालेको छ। कतिपय लोकतन्त्र विरोधी तत्वहरु यस्ता निराशालाई लोकतन्त्रकै विरुद्ध प्रयोग गर्न प्रयत्नशील देखिएका छन्। हामी सङ्कल्प गर्छौं– हामी सुशासनको प्रत्याभूति गर्न, विकासको यात्रालाई निर्बाध अगाडि बढाउन र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार पार्न सदनभित्र र बाहिर थप प्रयत्नशील रहने छौं। आवश्यक पर्‍यो भने जनपरिचालनको बाटो अवलम्बन गर्नेछौं।



घ. यस सङ्कल्प यात्राको क्रममा हामीलाई सयौं मागपत्र, ज्ञापनपत्र र ध्यानाकर्षण पत्रहरु प्राप्त भएका छन्। तिनीहरु मार्फत् जनताले हामी समक्ष हजारौं मागहरु प्रस्तुत गर्नुभएको छ । यतिबेला नेकपा (एमाले) सरकारमा नभए पनि नेकपा (एमाले) बाट मात्रै हाम्रा चासो, सरोकार र मागहरु संवोधन हुन सक्छ भन्ने विश्वास व्यक्त गर्नु हुने आम जनता, जनप्रतिनिधिहरु, विभिन्न पार्टीका प्रतिनिधिहरु र उद्यमी व्यवसायीहरुप्रति हामी धन्यवाद ज्ञापन गर्दछौं। तपाईंहरुको भरोसा र तपाईंहरुले दिनु भएको नासोलाई हामीले अलपत्र पर्न दिने छैनौं। यतिबेला हामी ती मागहरुको अध्ययन, विश्लेषण र वर्गीकरण गरिरहेका छौं। यो काम सकिने बित्तिकै हामी ती विषयहरु राज्यको जुन तह– सङ्घीय, प्रादेशिक या स्थानीय तह– सँग सम्बन्धित छ, त्यहाँ बुझाउने छौं र तिनको समाधानका लागि सम्बन्धित निकायसँग ध्यानाकर्षण र पहल गर्नेछौं, आवश्यकता अनुसार जनदबाब दिनेछौं । वर्तमान सरकारले काम गरेन भने हामीले आफ्नो नेतृत्वको सरकार बन्नासाथ यसको दिगो समाधान र कार्यान्वयन गर्नेछौं।

ङ. हामीले देखेका र यहाँहरु मार्फत् अभिव्यक्त भएको मध्यपहाडको विकासका संभावना र चुनौतीका आधारमा पार्टीले मध्यपहाडको विकास र समृद्धि सम्बन्धी ठोस परियोजना सार्वजनिक गर्नेछ। यस क्रममा हामी विज्ञहरु, जनप्रतिनिधिहरु र अन्य आवश्यक पक्षसँग सघन छलफल गर्नेछौं, गहन अध्ययन गर्नेछौं। हाम्रो सङ्कल्प छ– हामी पहाडी भूभागलाई समृद्धिको केन्द्र बनाउने छौं।

च. नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालका नाममा सुरु भएको र नेपालकै साधन र स्रोतबाट निर्माणाधीन पुष्पलाल मध्यपहाडी लोकमार्ग नेपालको गौरवको परियोजना हो । हामी


सङ्कल्प गर्दछौं– विज्ञहरुसमेतको सुझाव र अध्ययनका आधारमा हामी यसको टेक्निकल अडिट गर्नेछौं र यसलाई स्तरीय, छरितो, दिगो र सुविधायुक्त राजमार्गका रुपमा विकास गर्नेछौं।

छ. यस अभियानका क्रममा प्राप्त जनसमर्थनबाट हामी उत्साहित छौं । यस समर्थनलाई हामी सङ्गठनात्मक शक्ति र एकताबद्ध पार्टी निर्माणमा रुपान्तरित गर्नेछौं। यस सम्बन्धी आवश्यक कामको निर्देशन छिटै पार्टीका प्रदेश तथा जिल्ला कमिटीहरुमा पठाइने छ। नेकपा (एमाले) को नेतृत्व बिना नेपालको राष्ट्रिय हितको रक्षा, लोकतन्त्रको सुदृढीकरण, तीव्र विकास, सुशासनको प्रत्याभूति र समृद्धि संभव नहुने तथ्य सुनिश्चित भएकोले पार्टीलाई बहुमत प्राप्त राष्ट्रिय शक्तिका रुपमा स्थापित गर्न लागि पर्ने सङ्कल्प पुन: दोहोऱ्याउन चाहन्छौं।

३२. अन्त्यमा, यस यात्रामा नेकपा (एमाले) प्रति अभूतपूर्व माया, सद्भाव र समर्थन व्यक्त गर्नु हुने आम जनसमुदायप्रति हामी धन्यवाद र आभार व्यक्त गर्न चाहन्छौं। हाम्रो सङ्कल्प यात्रालाई उच्च महत्व दिएर समाचार, फिचर र विश्लेषणका माध्यमबाट आफ्ना सञ्चार माध्यमहरुमा स्थान र महत्व दिनुभएकोमा आम सञ्चार जगतप्रति आभारी छौं। यस यात्राभरि सुरक्षाको चुस्त र प्रभावकारी प्रबन्ध गर्ने स्थानीय प्रशासन, सबै सुरक्षा निकाय र सुरक्षाकर्मीहरुलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। सङ्कल्प यात्रालाई प्रत्यक्ष परोक्ष सहयोग गर्नु हुने सबैप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं। आगामी दिनमा पनि यहाँहरु सबैबाट यस्तै खाले सहयोग प्राप्त हुने विश्वास पनि व्यक्त गर्दछौं।

धन्यवाद !





केपी शर्मा ओली
अध्यक्ष

**सङ्लग्न सामग्रिहरु:**

१) पुष्पलाल (मध्यपहाडी) लोकमार्ग र त्यससँग जोडिएका केही राजमार्गको संक्षिप्त जानकारी

२) यात्रा गरिएका जिल्लाहरु र नया“ सहर तथा स्मार्ट सिटी सम्बन्धि

# पुष्पलाल (मध्यपहाडी) लोकमार्ग र
## त्यससँग जोडिएका केही राजमार्गको
## संक्षिप्त जानकारी

### १ **पुष्पलाल** (मध्यपहाडी) **राजमार्ग**

**पृष्ठभूमि**: राष्ट्रिय यातायात नीति २०५८ मा पुर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाड हुँदै पुर्व देखि पश्चिम सम्म सडक निर्माण गर्ने उल्लेख भएको, सोहि बमोजिम नेपाल सरकारबाट पुष्पलाल (मध्यपहाडी) राजमार्ग नामकरण गरी ०६४/६५ बाट आयोजना कार्यान्वयन शुरुभएको | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५/११/२६ को निर्णयबाट पुष्पलाल राजमार्गको रेखांकन स्वीकृत| मध्य पहाडका २६ जिल्लाहरुका २१५ वस्तीहरु जोड्दै निर्माण हुने यस सडकबाट मध्य-पहाडमा बसोबास गर्ने करीब १ करोड जनता यस आयोजना बाट प्रत्यक्ष लाभान्वित हुने | आयोजनालाई आ.व. ०६७/६८ देखि २ खण्डमा विभाजन गरी मध्यपहाडी पुर्व खण्ड (करिब ७२१ कि.मि) र मध्यपहाडी पश्चिम खण्ड (करीब ११५८ कि.मि) गरी २ वटा आयोजनाबाट निर्माण कार्य भइरहेकोमा आ.व. २०७५/७६ देखि पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय र निर्देशनालय अन्तर्गत पाँच वटा योजना कार्यालयहरु (पाँचथर, काभ्रे, गोरखा, पर्वत, दैलेख) बाट निर्माण कार्य भैराखेको | आ.व. ०६९/७० देखि नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथमिकता साथ कार्यान्वयन भैरहेको |

**आयोजना शुरुवात मिति:** आ.व. २०६४/६५

- **आयोजना सम्पन्न हुने अवधि**:
  - **शुरु गर्दाको लक्षित अवधि**: आब ०७३/७४
  - **हाल प्रस्तावित अवधि**: संशोधित कार्यतालिका अनुसार आ.व ०७९/८०, हाल प्रस्तावित २०८४/८५ सम्म थप गर्ने |
- **आयोजनाको अनुमानित लागत** (रु. हजारमा): शुरु लागत अनुमान रु ३३३६ करोड, संशोधित अनुमान रु ८४३३ करोड।
- **आयोजनाको हालको अवस्था:**
  - **भौतिक प्रगति**: ७२.७०% (कालोपत्रे: १४०२ कि. मि.)
  - **वित्तीय प्रगति**: ७६.८०%
  - **हाल सम्मको खर्च**: ६४ अर्ब ७६ करोड (मोबिलाइजेसन पेश्की समेत)

**अपेक्षित उपलब्धि:**

- **भौतिक**: १८७९ कि. मि. कालोपत्रे सडक निर्माण हुने।
- **आर्थिक**: पहाडी जिल्लामा उत्पादित बस्तुको बजारीकरण हुने भै जनताको जीवनस्तर माथि उठ्ने, प्रमुख शहर सग पहुच अभिवृद्धि हुने भई शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरमा पहुच अभिवृद्धि हुने।
- **वातावारणीय:** यातायात सेवाको पहुच र स्तर वृद्धि हुने भई पहाडी भेगमा जीवन यापन सहज हुने हुँदा पहाडी भेगबाट तराई मा भईरहेको बसाइसराइ मा ह्रास आई तराई क्षेत्रको प्राकृतिक स्रोत माथि परेको चाप मा न्यूनीकरण हुने, अव्यवस्थित शहरीकरणमा नियन्त्रण हुने र वातावरण संरक्षणमा उल्लेखनीय योगदान पुग्ने।

— **सामाजिक**: भौगोलिक रुपमा जनसंख्याको वितरणमा समानता कायम हुने तथा अनियन्त्रित बसाई सराई मा नियन्त्रण हुने।

**समस्या / चुनौती:**

— **समस्या:** सडक सीमा एकिन नभएको । जलाशययुक्त आयोजनाहरुको प्रभाव । क्षतिपुर्ति/मुआब्जा सम्बन्धमा। रुख कटान, युटीलिटी रिलोकेशन प्रक्रिया जटिल तथा झन्झटिलो हुनु।
— **चुनौती**: तोडिएका ठेक्काहरूको पुन ठेक्का व्यवस्थापन हुनु पर्ने (बाग्लुङ-बुर्तिबाङ सडक खण्ड १३ कि. मि., भेरी नदी पुल श्रोत सुनिस्चितता नभएको कारण ठेक्का व्यवस्थापन हुन् नसक्ने, पंखु खोला पुल)।
    - ठेक्का तोडिएका तर सम्मानित अदालतबाट यथास्थिमा राख्नु भन्ने आदेश भएका ठेक्काहरुको स्थिती अन्यौलपूर्ण रहेको (तमोर संक्रान्ति म्याग्लुंग सडक खण्ड ६६ कि. मि. देखि ८३ कि. मि. ३ वटा प्याकेज , भोजपुर दिक्तेल सडक ४० कि. मि. देखि ५० कि. मि. १ वटा प्याकेज)।
    - अलाइनमेण्ट विवाद (किरिञ्चे–रातामाटा–मादी सडकको भोर्लेटार बजार १७०० मि ट्र्याक खुलाउन नसकिएको, पौदिधिक–सुन्दरबजार–किरिञ्चे सडकको सुन्दरबजार २ कि. मि. खण्डमा स्थानीय अवरोधका कारण काम हुन् नसकेको, याम्दी–लामाचौर–कालीखोला पुल अर्म्लाकोट–भैंसे सडक खण्ड (३८.५ कि. मि.) को सुरुमा याम्दी–लामाचौर २ कि. मि. मा विवाद भएको हाल याम्दी–कालीखोला पुल सम्म ४ कि. मि. मा जग्गा विवाद)।
    - निबेल– नयाँ साँघु– पालुंगटार सडक खण्डमा रुख कटानको कारण देखाई निर्माण व्यवसायीबाट काम हुन् नसकेको।
— **अपेक्षित उपलब्धिका लागि गर्नुपर्ने काम**: रेखांकन विवादमा स्थानीयहरुसंग समन्वय गरेको | माग अनुसार रेखांकन परिवर्तनका लागि सिफारिस गरेको | जलाशययुक्त आयोजनाहरुबाट प्रभाव पर्ने स्थानहरुमा पुन:रेखांकन भएको | क्षतिपुर्ति सम्बन्धमा घरको क्षतिपुर्तिका लागि सिफारिस गरेको | घ) रुख कटानका लागि वन कार्यालयसंग समन्वय गरेको।
— **आयोजना सम्पन्न गर्न लाग्ने लागत** (रु. हजारमा): करिब ५००० करोड थप



## २ **तमोर कोरिडोर** (चतरा - मुलघाट - सुभांगखोला - गणेशचोक) **राजमार्ग**

**पृष्ठभूमि**: पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय अन्तर्गत योजना कार्यालय फिदिम, पाँचथरबाट ग्राबेल स्ट्रयाण्डर्डका सडक निर्माण कार्य सम्पन्न भइ आर्थिक वर्ष २०७८/७९ मा तमोर कोरिडोर(चतरा–मुलघाट–सुभांग खोला ) सडक योजना कार्यालय, धरान स्थापना भइ सोहि आर्थिक वर्ष देखि चतरा मुलघाट मझिटार सुभांग गणेशचोक सम्म सडक संचालन तथा कालोपत्रे स्तरमा स्तरोन्नति कार्य भइरहेको |

**आयोजना शुरुवात मिति:** आ.व. २०७८/७९

— **आयोजना सम्पन्न हुने अवधि**: ३ बर्ष
— **हाल प्रस्तावित अवधि**: ३ बर्ष
— **आयोजनाको अनुमानित लागत**: रु. ५ अर्ब ७६ करोड ८२ लाख
— **आयोजनाको हालको अवस्था:**
    - **भौतिक प्रगति**: २०.७१%
    - **वित्तीय प्रगति**: १८.६०%
— **हाल सम्मको खर्च** (रु. हजारमा): ७६९,५९२

**अपेक्षित उपलब्धि:**

- **भौतिक**: ११२ कि.मि. कालोपत्रे सडक निर्माण हुने |
- **आर्थिक**: ताप्लेजुंग, पाचथर, तेह्रथुम, इलाम र धनकुटा लगायतका जिल्लाको तराई र अन्तरदेशीय ब्यापारमा पहुच अभिवृद्धि हुने, पाथिभारा मा पहुच अभिवृद्धि हुने भई सास्कृतिक तथा आन्तरिक पर्यटनमा अभिवृद्धि हुने |
- **वातावारणीय**: रिभर कोरिडोर भएको हुदा नदि नियन्त्रण मा योगदान पुगी अनियन्त्रित नदि कटान नियन्त्रण हुने |
- **सामाजिक**: व्यापार विस्तार ,सहज जीवनयापन, शान्ति शुरक्षा तथा यातायातको सहज पहुच |

**समस्या / चुनौती:**

- उल्लेखनीय नरहेको, खरिद गुरुयोजना अनुरुप बजेट को अपर्याप्तता |
- **अपेक्षित उपलब्धिका लागि गर्नुपर्ने काम**: ३ वर्ष भित्र ११२ कि.मि कालोपत्रे स्तरमा स्तरोन्नति भइसक्ने|
- **आयोजना सम्पन्न गर्न लाग्ने लागत** : रू ४१९१२८६.०४ (निर्माण कार्य भइरहेको) |

## ३ चतरा–लेगुवा (कोशी कोरिडोर) राजमार्ग

**पृष्ठभूमि**: आर्थिक वर्ष २०७८/७९ मा तमोर कोरिडोर (चतरा–मुलघाट–सुभांग खोला) सडक योजना कार्यालय, धरान स्थापना भइ सोहि आर्थिक वर्ष देखि चतरा–लेगुवा (कोशी कोरिडोर) हाल अरुण कोरिडोरको ट्र्याक खोल्न कार्यको लागि स्रोत सुनिश्चिता सहमति प्राप्त भइ हाल ठेक्का व्यवस्थापनको चरणमा रहेको |



**आयोजना शुरुवात मिति:** आ.व. २०७८/७९

- **आयोजना सम्पन्न हुने अवधि**: ३ बर्ष **हाल प्रस्तावित अवधि**: ३ बर्ष
- **आयोजनाको अनुमानित लागत**: रु. १ अर्व २० करोड
- **आयोजनाको हालको अवस्था:**
    - **भौतिक प्रगति**: ५% (खण्डस्मिथ: ०.५ कि. मि.)
    - **वित्तीय प्रगति**: - — हाल सम्मको खर्च (रु. हजारमा): ४९६२

**अपेक्षित उपलब्धि:**

- **भौतिक**: ६५ कि. मि पक्कि सडक निर्माण हुने |
- **आर्थिक**: कोशी कोरिडोर (रानी - बिराटनगर - किमाथांका) को बाटो छोटो तथा समतल ग्रेडमा हुने भई कूल यातायात खर्चमा न्यूनिकरन्न हुने, त्रिदेशीय ब्यापार मा सहज हुने |
- **वातावारणीय**: चुरे क्षेत्र र तमोर तथा अरुण नदि मा यातायातको पहुच अभिवृद्धि हुने भई राज्यको प्रशासनिक नियन्त्रण मा सहजता हुने जसले गर्दा प्राक्रित्क श्रोत माथिको अनियन्त्रित दोहन मा कमि आउने|
- **सामाजिक**: व्यापार विस्तार ,सहज जीवनयापन, शान्ति शुरक्षा तथा यातायातको सहज पहुच |

**समस्या / चुनौती:**

- बन क्षेत्रको भोगाधिकार प्राप्त नहुँदा आयोजना कार्यान्वयन मा ढिलाई |

- **अपेक्षित उपलब्धिका लागि गर्नुपर्ने काम**: हु ३ वर्ष भित्र ६५ कि.मि ट्र्याक खोल्ने कार्य सम्पन्न भइसक्ने र सो को ४ बर्ष भित्र कालोपत्रे मा सत्र वृद्धि गरिने |
- **आयोजना सम्पन्न गर्न लाग्ने लागत** : करिब १० अर्ब | ठेक्का व्यवस्थापनको चरण मा रहेको |

## ४ मदन भण्डारी राजमार्ग

**पृष्ठभूमि**: मन्त्रिपरिषद्को मिति २०७५/०२/०६ को निर्णय बमोजिम चुरे तथा भित्रि मधेसका उपत्यकाहरु र सो क्षेत्रभित्र पर्ने खानी स्थलहरुलाई देशका प्रमुख शहरहरुसँग जोड्न झापाको बाहुनडाँगी देखि डडेल्धुराको रुपाल सम्म मदन भण्डारी राजमार्ग शुरूवात भएको | यस राजमार्गले कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम गरी देशका छ वटा प्रदेशहरूलाई पूर्व-पश्चिम जोड्ने | झापा, इलाम, मोरङ, सुनसरी, उदयपूर, सिन्धुली, मकवानपूर, चितवन, नवलपरासी पूर्व, पाल्पा, गुल्मी, प्यूठान, रोल्पा, सल्यान, सुर्खेत, डोटी, कैलाली र डडेलधुरा गरी १८ वटा जिल्लाहरूलाई जोड्ने |

**आयोजना शुरुवात मिति:** आ.व. २०७५/७६

- **आयोजना सम्पन्न हुने अवधि**:
  - **शुरु गर्दाको लक्षित अवधि**: आ.व. २०८१/८२
  - **हाल प्रस्तावित अवधि**: आ.व २०८४/८५
- **आयोजनाको अनुमानित लागत** (रु. हजारमा): ७५,०००,०००
- **आयोजनाको हालको अवस्था:**
  - **भौतिक प्रगति**: ४५% (कालोपत्रे: २८५ कि. मि.)
  - **वित्तीय प्रगति**: ४४% हाल सम्मको खर्च (रु. हजारमा): ३३,०००,०००



**अपेक्षित उपलब्धि:**

- **भौतिक**: निर्देशनालय अन्तर्गतको ७४० कि.मी. सडक कालोपत्रे स्तरमा स्तरोन्नति तथा १८५ वटा पुल निर्माण हुने |
- **आर्थिक**: भित्रि मधेश र चुरे क्षेत्रमा ट्रान्स्पोर्ट कनेक्टीभिटी हुने, खानी स्थलमा सहज पहुँच हुने, धार्मिक स्थलमा पर्यटन बढ्ने |
- **सामाजिक**: भित्रि मधेश र चुरे क्षेत्रको सामाजिक जनजिवनमा परिवर्तन आउने |

**समस्या / चुनौती:**

- **समस्या:** बार्षिक कम बजेट बिनियोजन, २८६ कि.मी. सडक ठेक्का व्यबस्थापन हुन् बाँकी रहे पनि समयमा बहुबर्षीय सहमति प्राप्त नहुने, सडक निर्माणको क्रममा स्थानीयबाट क्षतिपुर्ति/ मुआब्जा माग भई निर्माण कार्य प्रभावित हुने गरेको |
- **चुनौती**: न्यून बजेट बिनियोजनको कारण आयोजना लक्षित अवधिमा सम्पन्न गर्नु ।
- **अपेक्षित उपलब्धिका लागि गर्नुपर्ने काम**: हाल निर्माण सुचारु रहेको १६९ कि.मी. सडक तथा ६० वटा पुलहरुको निर्माण कार्य समयमा सम्पन्न गर्ने | ठेक्का व्यबस्थापन गर्न बाँकी रहेको २८६ कि.मि. सडक तथा २५ वटा पुलको ठेक्का व्यवस्थापन गर्ने |
- **आयोजना सम्पन्न गर्न लाग्ने लागत** (रु. हजारमा): ७५,०००,०००

## ५ कान्ति राजमार्ग

**पृष्ठभूमि**: कान्ती लोकपथ सडकको निर्माण त्रिभुवन राजपथको बिकल्पको रुपमा वि.स. २०१३ सालबाट शुरु भएको हो। हेटौंडालाई काठमाडौं उपत्यकासंग जोड्ने यो सडक छोटो, भरपर्दो र फास्टट्रयाकको उपयुक्त बिकल्पको रुपमा स्थापित हुने तथा यो सडक सम्पन्न भई सकेपछि काठमाडौंबाट हेटौंडा हुंदै बिरगन्ज नाकाबाट नेपाल तथा भारत बीचको व्यापार विस्तार तथा बिस्तृत सेवा बिस्तारमा समेत योगदान पुग्ने साथै यस सडक खण्डले व्यापारिक नाका बिरगन्जलाई पूर्वपश्चिम राजमार्गसंग जोड्ने भएकोले निर्माण संपन्न भई सवारी संचालन हुंदा यस क्षेत्रका वासिन्दाले व्यापक लाभ लिन सक्ने तथा यस क्षेत्रको आर्थिक गतिविधीमा अत्यधिक रुपमा वृद्ध हुने देखिन्छ|

**आयोजना शुरुवात मिति:** आ.व. २०६४/६५

- **आयोजना सम्पन्न हुने अवधि**:
  - **शुरु गर्दाको लक्षित अवधि**: आ.व. २०८०/८१
  - **हाल प्रस्तावित अवधि**: आ.व २०८३/१२/३०
- **आयोजनाको अनुमानित लागत** : रु ३३३०० लाख
- **आयोजनाको हालको अवस्था:**
  - **भौतिक प्रगति**: ९१% (कालोपत्रे: ७२ कि. मि, कच्ची ७ कि. मि. )
  - **वित्तीय प्रगति**: ७७% हाल सम्मको खर्च :रु २५८७७ लाख

**अपेक्षित उपलब्धि:**

- **भौतिक**: ७९ कि. मि सडक कालोपत्रे हुने|
- **आर्थिक**: काठमाणडौ र हेटौडा जोडिने समयावधि छोटो हुने, काठमाडौं–तराई तथा भारतसंगको पहुंचमा अभिवृद्धि हुने तथा यात्रा समय छोटो हुने भएकोले कूल यातायात खर्च न्यून भई ब्यापारको लागत घट्ने |
- **सामाजिक**: यस क्षेत्रका वासिन्दाको यातायात सहज हुने |

**समस्या / चुनौती:**

- **समस्या:** बजेट न्युन उपलब्ध |
- **चुनौती**: अत्यन्त जटिल भौगोलिक अवस्थाका कारणा निर्माण कार्य संचालन गर्न अन्यन्तै जोखिम तथा पहिरोको समस्या |
- **अपेक्षित उपलब्धिका लागि गर्नुपर्ने काम**: पहिरो व्यवस्थापन गरी तोकिएको अवधि भित्र योजना सम्पन्न गर्ने |
- **आयोजना सम्पन्न गर्न लाग्ने लागत** : रु १ अर्ब ५० करोड।

## ६ हुलाकी राजमार्ग

**पृष्ठभूमि**: हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गतको सम्पूर्ण सडक संजालको कुल लम्बाई १८५७ कि.मि. रहेको छ जस मध्ये पूर्व देखि पश्चिम तर्फको लम्बाई ९७५ कि.मि. रहेको छ भने उत्तर देखि दक्षिण जोडिने ३८ वटा सहायक सडकहरुको लम्बाई ८८२ कि.मि. रहेको छ | हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गत ६ वटा योजना कार्यालयहरु (यो. का. इटहरी , यो. का. जनकपुर, यो. का. बिरगंज, यो. का. कपिलबस्तु , यो. का. नेपालगंज, यो. का. धनगढी) रहेको र केहि सडकखण्ड डिभिजन सडक कार्यालय , भरतपुर बाट समेत निर्माण कार्य संचालन भैरहेको छ |

**आयोजना शुरुवात मिति:** आ.व. २०६६/६७

- **आयोजना सम्पन्न हुने अवधि**:
  - **शुरु गर्दाको लक्षित अवधि**: आ.व. २०८०/८१
  - **हाल प्रस्तावित अवधि**: आ.व २०८३/८४
- **आयोजनाको अनुमानित लागत**: रु. ६५ अर्व २० करोड पहिलोको स्वीकृत बजेट, संसोधित १ खर्ब १ अर्ब ९२ करोड (०८०/८१ आधार बर्ष )
- **आयोजनाको हालको अवस्था:**
  - **भौतिक प्रगति**: ९१% (कालोपत्रे: १०५१ कि. मि.)
  - **वित्तीय प्रगति**: ९१% हाल सम्मको खर्च (रु. हजारमा): ५९,७६०,८७२

**अपेक्षित उपलब्धि:**

- **भौतिक**: १००० कि.मि. कालोपत्रे सडक निर्माण भएकोमा थप १०० कि.मि. निर्माण भई कुल ११०० कि.मि. कालोपत्रे सडक निर्माण भएको हुने |
- **आर्थिक**: स्थानीय उत्पादनको सहज बजारिकरण हुने, रोजगारी सृजना भै तराई मधेशको सम्नुन्त विकास हुने |
- **वातावारणीय**: कालोपत्रे सडकको निर्माणबाट वातावरणीय क्षय न्युनिकरण हुने
- **सामाजिक**: तराई मधेशका सबै जिल्ला (२१ वटा) भएर जाने र करिब ८० लाख जनसंख्या लाई प्रत्यक्ष्य रुपले लाभान्वित तुल्याउने |



**समस्या / चुनौती:**

- चितवन राष्ट्रिय निकुन्जमा अलाइनमेण्ट स्विकृती नभएको। पर्याप्त बजेट नभएको। बाँकी रहेका सडक तथा पुलहरुको ठेक्का व्यवस्थापनका लागि श्रोत सुनिस्चितता नभएको |
- **अपेक्षित उपलब्धिका लागि गर्नुपर्ने काम**: हुलाकी राजमार्ग अन्तर्गत पेश गरिएका सडक तथा पुलहरुको काम श्रोत सुनिश्चिता भएमा २०८३/८४ सम्म सम्पन्न हुने |
- **आयोजना सम्पन्न गर्न लाग्ने लागत** : ४२ अर्व १६ करोड |

## यात्रा गरिएका जिल्लाहरुका नामहरु

| | | |
|---|---|---|
| बैतडी | गुल्मी | दोलखा |
| डडेलधुरा | बाग्लुङ | रामेछाप |
| डोटी | पर्वत | सिन्धुली |
| अछाम | कास्की | उदयपुर |
| दैलेख | लमजुङ | ओखलढुङ्गा |
| सुर्खेत | गोरखा | खोटाङ |
| सल्यान | धादिङ | भोजपुर |
| जाजरकोट | नुवाकोट | धनकुटा |
| रुकुम पश्चिम | सिन्धुपाल्चोक | तेह्रथुम |
| रुकुम पूर्व | काभ्रेपलाञ्चोक | पाँचथर |

## पुष्पलाल लोकमार्ग केन्द्रीत १० नयाँ सहर तथा स्मार्ट सिटीहरुका नाम

| | |
|---|---|
| पाटन, बैतडी | बुर्तिबाङ, बाग्लुङ |
| अमरगढी, डडेलधुरा (स्मार्ट सिटी) | पालुङटार, गोरखा (स्मार्ट सिटी) |
| साँफेबगर, अछाम | खुर्कोट, सिन्धुली |
| राकम कर्णाली, दैलेख | बसन्तपुर, तेह्रथुम |
| चौरजहारी, रुकुम पश्चिम | फिदिम, पाँचथर |